सिन्धुली जिल्लाको पहिलो दैनिक

# प्रभात समाचार

PRAVAT SAMACHAR National Daily राष्ट्रिय दैनिक

वर्ष २४ अंक ३३३, २०८१ साल चैत ०६ गते बुधवार ( Mar - 19, 2025) नेपाल सम्वत ११४५ पृष्ठ ४ मूल्य रु. ०५।-

## आयुर्वेदिक उपचार पद्धतिमा आकर्षण बढ्दो

● प्रभात समाचार

सिन्धुली, ५ चैत/आयुर्वेदिक उपचार पद्धति प्रति मानिसहरूको विश्वास र आकर्षण बढेको छ। मानिसहरू अन्य उपचाबाट रोग निको नभएपछि आयुर्वेदिक उपचार लिन पुग्ने र रोग लाग्ने बित्तिकै तथा रोग लाग्नुभन्दा अगाडि नै उपचार र परामर्शको लागि आयुर्वेदिक उपचार केन्द्रमा पुग्ने गरेका छन् ।

अहिले आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा थेरापी सेवा लिन लागेपछि निक्कै सुधार भएको छ। यहाँ सेक्ने र मालिस गर्ने गरेपछि निक्कै सन्चो भएको भएको छ।" आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा पनि उपचार गराउन आउने बिरामीको संख्या बढ्दो मात्रामा रहेको चिकित्सालयकी प्रमुख दिपक तिमल्सिनाले बताए। आयुर्वेद उपचारको बारेमा जानकारी भएका व्यक्तिहरू उपचारको लागि आउने क्रम बढेको उनको भनाइ छ।

चिकित्सालयमा पुरानो रोग भएका मात्र होइन नयाँ रोग लाग्ने बित्तिकैका बिरामीहरू पनि आउने क्रम बढ्दै गएको चिकित्सालयका प्रमुख तिमल्सिनाले बताए। "चिकित्सालयमा हाडजोर्नी, बाथ, ग्याष्टिक, रक्तचाप लगायता नसर्ने रोगका बिरामीहरू बढी आउने गरेका छन्। विगतमा भन्दा बिरामीहरूको चाप बढ्दै गएको छ।"

चिकित्सालयले मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम अन्तर्गत होलबडी चेकअपको सेवा समेत प्रदान गरेकोले सो सेवा लिन आउने बिरामीको सर्‍या निक्कै भएको उनले बताए। सेवा अन्तर्गत सुगर, प्रेसर, मिर्गौला, कलेजो, दिसा, पिसाब लगायतका जाँच र उपचार निःशुल्क गरिने भएकोले जाँच र उपचारको लागि आउने बिरामीको सर्‍या निक्कै बढेको तिमल्सिनाले बताए। "बागमती प्रदेशका नागरिकले यो सेवा निःशुल्क पाउनु हुन्छ। बागमती प्रदेशको बासिन्दा भएको पुष्टि हुने नेपाली नागरिकताको प्रमाणपत्र लिएर आउनेले सो सेवा पाउनुहुन्छ। हामीले हरेक हप्ताको सोमबार सो सेवा प्रवाह गर्दै आएका छौं।

चिकित्सालयले बिरामीको ओपिडी जाँच तथा उपचार सेवा, आयुर्वेद उपचारको पञ्चकर्म र पूर्वकर्मका सेवाहरू, ल्याब, फिजियोथेराफि, अकुपञ्चर, क्षारसूत्र शल्यक्रिया, स्तनपाई आमालाई दूधवर्धक औषधी, ज्येष्ठ नागरिकको लागि स्वास्थ्य प्रवर्धन सेवा लगायतका विभिन्न सेवाहरू प्रदान गर्दै आएको छ।

## तीनपाटनमा ग्रामिण आँखा उपचार केन्द्र संचालन

● प्रभात समाचार

दुई दिने आँखा शिविर पनि संचालन

सिन्धुली,५चैत/तीनपाटन गाउँपालिकामा दुई दिने निशुल्क आँखा शिविर सम्पन्न भएको छ। तीनपाटन गाउँपालिका कार्यालय लाम्पानटार सिन्धुली,तिलगंगा आँखा उपचार केन्द्र काठमाडौं र भिजन हिमालयन फाउन्डेशन नेपालको साझेदारीमा शिविर संचालन गरिएको हो। गाउँपालिका अध्यक्ष कर्ण थापा मगरको अध्यक्षतामा भएको शिविरमा गाउँपालिका उपाध्यक्ष घन ब पलामी (अशोक), ला. थोमस बुचिल , हिमालयन एउन्डेशन डा. रिता गुरु गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत टंक बहादुर नेगी, तीलगंगा व्यवस्थापक डा. मोहनकृष्ण श्रेष्ठ वडा अध्यक्ष तिलक बहादुर बस्नेत, पुन्यहरी भुजेल, राजनीतिक दलका प्रतिनिधीहरुको उपस्थिति रहेको थियो।

आँखाका विरामीहरुको उपस्थितीमा तीनपाटन गाउँपालिकाको केन्द्र लाम्पानटारमा एक कार्यक्रमको विच ग्रामिण आँखा उपचार केन्द्रको उद्घाटन गरिएको छ।गाउँपालिका अध्यक्ष कर्ण बहादुर थापाले ब्यानर पढेर उद्घाटन गरेका हुन।

उपचार केन्द्रको संचालन पछि गाउँपालिकाबासीले आँखाको समस्याको लागी बाहिर जानु पर्ने बाध्यताबाट छुटकारा मिलेको अध्यक्ष थापाले बताए। थापाले शिविर र ग्रामिण आँखा उपचार केन्द्र संचालनको लागी सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरे।

कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिकाका प्रमखु प्रशासकिय अधिकृत नेगीले अब पालिकाबासीले निशुल्क उपचार सेवा, अपरेशसन सेवा र औषधीहरु समेत निशुलक प्राप्त गर्ने बताए।

## एसइईलाई व्यवस्थित, मर्यादित बनाउन गृहकार्य भएको छ

● प्रभात समाचार



काठमाडौं ५ चैत / शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले बिहीवारदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) लाई व्यवस्थित, मर्यादित र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न मन्त्रालयले आवश्यक गृहकार्य गरिरहेको बताए। मंगलवार सिंहदरबारमा बसेको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा मन्त्री भट्टराईले यस्तो बताए।

उनले एसइई परीक्षालाई व्यवस्थित गर्न परीक्षा नियन्त्रण कार्यालय, राष्ट्रिय परीक्षा बोर्ड लगायतका निकायहरुको नियमितजसो बैठक बसिरहेको बताए। उनले परीक्षा अवधिभर सुरक्षा व्यवस्थालाई चुस्त बनाउन गृह मन्त्रालयसँग अनुरोध गरेको समेत बताए। उनले परीक्षा केन्द्रमा प्रहरी परिचालन गरेर विद्यार्थीहरुमा डर र त्रास पैदा गर्नुभन्दा व्यवस्थित रुपमा परिक्षा सञ्चालन गर्न सामर्थ्यवान छौं भन्ने प्रमाणित गर्न प्रत्येक परीक्षा केन्द्रहरुलाई निर्देशन दिइएको समेत बताए।

उनले भने, 'अहिले माध्यमिक शिक्षा परीक्षा (एसईई) को सन्दर्भमा धेरै कुराहरु उठिरहेका छन्। अब एसईईलाई व्यवस्थित बनाएर जाउँ भन्ने सन्दर्भमा राष्ट्रिय परीक्षा बोर्ड लगायतका सरोकारवालाका बैठक लगातार बसिरहेका छन्। एसईई परीक्षाको सुरक्षाको लागि पनि परीक्षा बोर्डले गृह मन्त्रालयसँग अनुरोध गरेको छ।'

विद्यार्थीले गर्न हुने र गर्न नहुने कामको कोड अफ कन्डक्ट बनाइएको पनि उनले बताए। त्यसलाई मर्यादित हिसाबले गर्न परीक्षास्थलमा खटिने सबैले मर्यादित हुँदा विद्यार्थीलाई अनुशासित हुन अप्ठेरो नपर्ने उनको भनाइ छ। एसईई संघीयताभित्रको भएको हुनाले एसइईलाई प्रदेशमा हस्तान्तरण गर्ने नीति ल्याउन अपरिहार्य रहेको मन्त्री भट्टराईको भनाइ छ।

## ट्रकमा भेटियो २५ करोड

काठमाडौं ५ चैत / काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले मङ्गलबार अवैध विदेशी मुद्रासहित ४३ वर्षीय फुच्चे भनिने कुसाङ लामालाई सार्वजनिक गरेको छ। प्रहरीको टोलीले चैत ४ गते राति ११ बजे काठमाडौंको टोखा नगरपालिका वडा नं. २ झोरमा ना. ७ ख १६५२ को मालबहाक ट्रक नियन्त्रणमा लिएको थियो।

प्रहरीको अनुसन्धानमा ट्रकको 'वोनट' ड्राइभर बस्ने कोठाको (क्याबिनको बायाँ तर्फको) माथिल्लो भागमा फल्सबटम बनाइ लुकाइ छिपाइ सो रकम ल्याइएको खुलेको छ।

अनुसन्धान कार्यालयका सूचना अधिकारी प्रहरी उपरीक्षक काजीकुमार आचार्यका अनुसार विभिन्न व्यक्तिले ठूलो परिमाणमा अमेरिकी डलर, युरो लगायत विभिन्न देशका मुद्रा राजश्व छली गरी अवैध रुपमा ओसार पसार तथा कारोबार गर्ने गरेको भन्ने गोप्य सूचनाको आधारमा प्रहरीले सो ट्रक नियन्त्रणमा लिएको हो।

अमेरिकी डलर एक सय दरका नोट जम्मा थान तीन हजार एक सय १९, अमेरिकी डलर ५० दरका नोट जम्मा थान एक सय ७९, युरो पाँच सय दरका थान ११, युरो दुई सय दरका थान चार सय ८०, युरो सय दरका थान चार हजार एक ४८, युरो ५० ***बाँकी ३ पेजमा ...***

## गहुँ आयात गर्नेलाई सम्पर्क गर्न आग्रह

● प्रभात समाचार

काठमाडौं ५ चैत / वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले भारतबाट प्राप्त हुने कोटाको गहुँ आयात गर्न छनोट भएका फर्म वा कम्पनीलाई सात दिनभित्र विभागमा सम्पर्क गर्न आग्रह गरेको छ। विभागले आइतबार सूचना सार्वजनिक गर्दै गहुँ आयातका लागि छनोट भएका सात वटा व्यवसायी फर्म वा कम्पनीलाई सातभित्र विभागमा सम्पर्क गर्न आग्रह गरेको हो।

विभागका अनुसार इजाजतपत्र नलिने फर्म वा कम्पनीले यस सूचना प्रकाशित भएको मितिले पाँच दिनभित्र विभागमा सम्पर्क गरेर इजाजतपत्र लिनसमेत आग्रह गरिएको छ।

विभागका अनुसार छनोटमा परेका कम्पनीमा काठमाडौँका विशाल ट्रेड लिङ्क, श्यामबाबा इन्टरप्राइजेज, गुन्जेश्वरी ट्रेड लिङ्क, वीरगन्जका जोस नेपाल ट्रेडर्स, कैलालीका मन्सा इन्टरनेसनल, काठमाडौं डिल्ली बजारका दुर्गा ब्रदर्स कन्सर्न र ज्ञान इन्टरप्राइजेजलगायत ४१ वटा रहेका छन्। ती फर्मले ९० हजार कुइन्टल गहुँ आयात गर्नेछन्। प्रत्येक कम्पनीलाई तीन हजार टनका दरले गहुँ आयात गर्ने अनुमति दिइएको विभागले जनाएको छ।

भारतको नेसनल कोअपरेटिभ एक्स्पोर्ट लिमिटेडबाट कोटा प्राप्त भएको मितिले तीन महिनाभित्र गहुँ आयात गरिसक्नुपर्ने छ। साथै आयात अनुमति लिएका कम्पनीले गहुँ ल्याउन नसक्ने भए १५ दिनभित्र विभागलाई जानकारी दिनुपर्ने छ। विभागले ५९ वटा व्यापारिक प्रतिष्ठानका आवेदन प्राप्त भए पनि केवल सात वटालाई मात्र छनोट गरेको जनाएको छ।

विभागले गत माघ १४ देखि २० गतेसम्मको समय राखेर भारतबाट कोटाको गहुँ आयात गर्न आवेदन माग गरेको थियो। ती फर्मले न्यूनतम दुई सय टन र बढीमा १० हजार टनसम्म गहुँ आयात गर्न पाउने सर्त राखेको थियो।

भारतले निर्यात बन्देज लगाए पनि नेपाललाई वार्षिक ५० हजार टन आयातको अनुमति दिएको थियोरु। उक्त परिमाण अपुग भएपछि गत वर्ष तीन लाख टनको माग गरिएको थियो। भारतले तीन ***बाँकी ४ पेजमा...***

## च्याउकोटबाट चियाउँदा




व्यक्तिगत स्वास्थ्यमा ध्यान दिऔं ।

- नियमित स्वास्थ्य परीक्षण गराऔं,
- सन्तुलित, पोषणयुक्त आहार सेवन गरौं,
- नियमित शारीरिक परिश्रम गरौं,
- दैनिक रुपमा निद्रा पुग्नेगरी सुतौं,
- ध्यान, योग, व्यायामजस्ता गतिविधिमा संलग्न होऔं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभात समाचार
राष्ट्रिय दैनिक National Daily

## सम्पादकीय

### असार मै गर्ने हो त पूजीगत खर्च ?

जिल्लाको विकास निर्माण अहिले कछुवाको गतिमा रहेका छन । जुन रुपमा विकास निमार्णले गति लिनु पर्ने हो त्यही रुपमा विकास निर्माण हुन सकेको छैन। भएका विकास निर्माणहरु पनि स्थायी वन्न सकेका छैनन ।

अहिले नेपाल सरकारले विकास बजेटमा कुनै पनि कमी हुन नदिए पनि स्थानीय तहले बजेट रकम सही स्थानमा खर्च गर्न सकेका छैनन। राज्यले खर्च गर्न पठाएको रकम बर्षेनी जिल्लाबाट आर्थीक बर्षको अन्त्यमा फिर्ता हुने गरेको छ। राज्यले विकास निर्माणको लागी पठाएको रकम खर्च गर्न नसकि फिर्ता पठाउनु भनेको स्थानी तह र अन्य सरोकारवाला निकायको कार्य सम्पादन क्षमतामा कमि हुनु नै हो ।

यदी बर्षेनी यसैगरी आर्थीक बर्षको अन्त्यमा राज्यले विकास निर्माणको लागी पठाएको रकम खर्च नगर्ने र आर्थीक बर्षको सुरुमा बजेट माग्दै जाने परिपाटीको अन्त्य हुनु आवश्यक छ। जिल्लाबासीहरुलाई आर्थीक बर्षको सुरुमा यति बजेट आयो र फलानो विकास आयोजनाको लागी यति रकम विनियोजन गरिएको छ भन्न नथाक्ने जनप्रतिनिधी र अन्य विकास अड्डाका अगुवाहरु उक्त आयोजना चाही यो कारणले सम्पन्न हुन सकेन भनेर बोल्न समेत नसक्ने अवस्थाको अन्त्य हुनु आवश्यक छ। यदी कुनै पनि आयोजनाहरु सम्पन्न हुन नसक्ने अवस्था छ भने बेलैमा यसलाई सरोकारवाला निकाय विचमा छलफल गरी कसरी सम्पन्न गर्ने भन्ने छलफल समेत गरेमा पनि बर्षेनी ठुलो मात्रामा जिल्लाको विकासको लागी आएको रकम फिर्ता हुने थिएन। भने जिल्लाको विकास निर्माणले पनि फड्को मार्ने थियो ।

शिद्धबाबा दाना चल्ला सप्लशायर्स
कऩपा:-६, कृषि उपज बजार, सिन्धुली

यहाँ ब्रोईलर्स, लियर्स, गिरिराज,हास,बटाई, कडकनाथ, टर्की, लौकाट तथा लोकल कुखुराका चल्ला पाउनुका साथै कुखुरा, गाई, भैसी, बंगुर, बाख्रा, माछाका दाना पाईन्छ ।
यहाँ पशु पालनका लागी आबश्यक पर्ने सम्पूर्ण समाग्रीहरु सस्तो र सुपथ मुल्यमा उपलव्ध छ ।




सम्पर्क
९८४४०४१०९०, ९८४४०४५४००, ०४७-५२०६१२

# विकासका लागि सुशासन

● बालकुमारी कार्की

सार्वजनिक प्रशासनमा पारदर्शिता र जवाफदेहिता, सदाचार अपरिहार्य रहन्छ। यसले व्यक्तिमा आत्मनियन्त्रण र स्वउत्प्रेरणा वृद्धि गर्छ। सार्वजनिक प्रशासनमा हुने ढिलासुस्ती, लापर्बाही र अधिकारको दुरुपयोगलाई निरुत्साहित गर्छ । सरकारी कामकारबाहीलाई छिटोछरितो गराउन सहयोग पुऱ्याउँछ। सरकार तथा सार्वजनिक सेवाप्रति सेवाग्राहीको विश्वास अभिवृद्धि गर्छ। देश विकासका लागि सुशासन अपरिहार्य तत्व हो। सुशासनका विशेषतामा कानुनी शासन, पारदर्शिता, सदाचार, नागरिक सचेतना, जिम्मेवार राज्य संयन्त्र, सहभागिताका आधारमा नागरिक समाज, भविष्यदर्शी, खुला एवं शिक्षाप्रद नीति निर्माण आवश्यक हुन्छ। सार्वजनिक निकाय, सङ्घ संस्था, सार्वजनिक उत्तरदायित्व बोकेका संस्थामा पारदर्शिता, निष्पक्षता, कानुनी शासन, नागरिक सचेतना अति आवश्यक तत्व हो।

प्रजातान्त्रिक शासनपद्धतिमा उच्च पदाधिकारीको नियुक्ति प्रक्रियालाई पारदर्शी बनाई उनीहरूको योग्यता, क्षमता, आचरण सम्बन्धमा छलफल गराउने प्रचलन रहेको पाइन्छ। नेपालमा पनि सार्वजनिक मह□वका पदमा नियुक्त हुने व्यक्तिको योग्यता, क्षमता र इमानदारिताबारे नियुक्ति हुनुपूर्व सार्वजनिक सुनुवाइ हुनुपर्ने मान्यताको माग बढ्दै गएको छ। सार्वजनिक महत्वका संवैधानिक तथा अन्य राजनीतिक पदको नियुक्ति प्रक्रिया पारदर्शी हुनु जरुरी छ। रिक्त संवैधानिक पदको पूर्ति गर्दा संवैधानिक परिषद्को कामकारबाही खुला तथा जवाफदेहीपूर्ण हुन नसकेको अवस्था छ। पारदर्शिताको सिद्धान्त अनुसार नियुक्तिका लागि सिफारिस गर्नुपर्ने संवैधानिक परिषद्ले गर्नुपर्ने आवश्यकतालाई दृष्टिगत गरी नियुक्तिपूर्व प्रस्तावित उम्मेदवारका सम्बन्धमा सार्वजनिक बहस हुनुपर्ने व्यवस्था गरिएको छ। संवैधानिक निकायका पदाधिकारीको नियुक्तिका लागि संवैधानिक परिषद् वा न्याय परिषद्ले गर्ने सिफारिसलाई पारदर्शी, उत्तरदायी र निष्पक्ष बनाउन परिषद्बाट प्रस्तावित नामावली संसद्मा पठाई संसदीय सुनुवाइ गर्ने गरिएको छ। समितिले अनुमोदन गरेपछि मात्र संवैधानिक निकायमा नियुक्तिका लागि सिफारिस गर्ने गरिन्छ।




प्रजातान्त्रिक शासनपद्धतिमा उच्च पदाधिकारीको नियुक्ति प्रक्रियालाई पारदर्शी बनाई उनीहरूको योग्यता, क्षमता, निष्पक्षता सम्बन्धमा सार्वजनिक छलफल गराउने प्रचलन रहेको पाइन्छ। अमेरिका र दक्षिण अफ्रिकामा संसदीय समितिमार्फत पूर्ण छलफल गराई प्रस्तावित उम्मेदवारको नाम स्वीकृत वा अस्वीकृत गर्ने परिपाटी रहेको छ। बेलायतमा पनि उच्च पदाधिकारीलाई औपचारिक रूपमा नियुक्ति गर्नुपूर्व एउटा निश्चित र पारदर्शी प्रक्रियाको अवलम्बन गर्नुपर्ने विशेषज्ञको सुझाव रहेको पाइन्छ। त्यसै गरी न्यायाधीशको नियुक्ति र अन्य विशिष्ट पदाधिकारी नियुक्तिमा समेत पारदर्शिता र निष्पक्षता नरहेको पाइन्छ।

नेपालको संविधानको भाग ४ राज्यको निर्देशक सिद्धान्त अन्तर्गत धारा ५१ मा सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने भन्ने उल्लेख छ। त्यसै अनुसार कुनै पनि विशिष्ट पदमा योग्य, सक्षम र इमानदार व्यक्तिलाई नियुक्त संसद्भित्र र बाहिर प्रस्तावित व्यक्तिका सम्बन्धमा सार्वजनिक छलफल हुने गर्दछ। सार्वजनिक छलफलको मुख्य उद्देश्य गलत एवं अयोग्य व्यक्तिको चयन उच्च पदमा नहोस् भन्ने हो। नेपालमा पनि संवैधानिक पद वा विश्वविद्यालयका पदाधिकारी वा अन्य क्षेत्रका विशिष्ट पदाधिकारीको छनोट प्रक्रिया पारदर्शी र निष्पक्ष हुनु जरुरी छ। संवैधानिक पदका अतिरिक्त अन्य राजनीतिक नियुक्तिका पदमा पनि चयन प्रक्रिया पारदर्शी, स्वतन्त्र र निष्पक्ष नरहेको आरोप लाग्ने गरेको छ। चयन प्रक्रिया स्वेच्छाचारी हुनु हुँदैन। संवैधानिक पद तथा राजनीतिक नियुक्तिमा बढीभन्दा बढी सक्षम र योग्य व्यक्तिको चयन नभएसम्म ती निकायको प्रभावकारिता बढ्न सक्दैन। सरकारी निकायको कार्यप्रणालीमा पारदर्शिताको कमी देखिएको छ। कुनै सार्वजनिक अधिकारीले आफ्नो अधिकारको दुरुपयोग गरेको वा सार्वजनिक कोषको दुरुपयोग गरेको कुरा थाहा पाउने जोसुकै वा मातहतका कर्मचारीसमेतलाई त्यस्तो जानकारी वा सूचना सार्वजनिक गर्न पाउने अधिकारको व्यवस्था विभिन्न मुलुकमा गरिएको पाइन्छ। सार्वजनिक हित संरक्षणार्थ तथा सूचनाको हक अन्तर्गत यस्ता कुराको जानकारी दिनु उचित मानिन्छ। यस्तो कानुनी व्यवस्था संयुक्त राज्य अमेरिका, स्विडेन तथा दक्षिण अफ्रिका आदि देशमा रहेको पाइन्छ।

कुनै मन्त्री, राजनीतिक पदाधिकारी वा कर्मचारीको कामकारबाहीबाट राष्ट्रको सुरक्षा र सम्मानमा आघात पार्ने अधिकार तथा स्रोतसाधनको दुरुपयोग, राष्ट्रहित तथा प्राकृतिक स्रोतको प्रयोगमा विचलन वा कर्मचारीको निष्पक्षता र स्वतन्त्रतामा हस्तक्षेप भएको छ वा हुन लागेको छ भन्ने कुनै पनि कर्मचारीलाई लागेमा त्यसबारे सूचना, जानकारी वा उजुरी सम्बन्धित निकायमा दिई वा प्रकाशन गरी खबरदारी गर्न सक्ने छन् तर राष्ट्रिय सुरक्षा, कूटनीतिक मामिला र दुई देशबिचको मैत्री सम्बन्धमा खलल पर्ने सूचना सम्बन्धित अधिकारीलाई गोप्य रूपमा दिनुपर्ने छ।

आमनागरिकको जीवनमा अनुभूतियोग्य सकारात्मक परिवर्तन ल्याउनु १६ औँ योजनाको मूल उद्देश्य हो। यसका लागि योजनाले तय गरेको सोचबमोजिम क्षेत्रगत रूपमा योजनाका प्रमुख उद्देश्य रहेका छन्। राजनीतिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रमा सुशासन कायम गर्नु, स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहमा सामाजिक न्याय स्थापना गर्नु, मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु १६ औँ योजनाको प्रमुख उद्देश्य रहेको छ। यसै अनुरूप नेपालको सार्वजनिक पदधारण गर्ने व्यक्तिको आर्थिक क्रियाकलाप पारदर्शी नभएमा नैतिक मूल्यमान्यतामा ह्रास आई भ्रष्टाचार बढ्ने छ। संवैधानिक पद तथा राजनीतिक नियुक्तिमा बढीभन्दा बढी सक्षम र योग्य चयन नभएसम्म ती निकायको प्रभावकारिता बढ्न नसक्ने देखिन्छ। त्यसैले नेपालको विश्वविद्यालय तहदेखि संवैधानिक पदपूर्ति किन नहोस् वा अन्य विशिष्ट पदमा चयन गर्दा निष्पक्ष, स्वतन्त्र, पारदर्शी हुनु आवश्यक छ। योग्य, सक्षम व्यक्ति नियुक्त हुँदा सम्बद्ध निकायको प्रभावकारिता बढ्नुका साथै जनमानसमा पनि एक किसिमको विश्वास जागृत हुन्छ। ती निकायको सेवा प्रवाहमा भिन्नता आउँछ। नियुक्त हुने व्यक्तिमा हुने उच्च नैतिक चरित्रले काम गर्ने शैली फरक हुन्छ। नैतिक बलका आधारमा हरेक काम परिणाम ल्याउने खालको हुन्छ।

यस्तै सार्वजनिक प्रशासनमा पारदर्शिता र जवाफदेहिता, सदाचार अपरिहार्य रहन्छ। यसले व्यक्तिमा आत्मनियन्त्रण र स्वउत्प्रेरणा वृद्धि गर्छ। सार्वजनिक प्रशासनमा हुने ढिलासुस्ती, लापर्बाही र अधिकारको दुरुपयोगलाई निरुत्साहित गर्छ । सरकारी कामकारबाहीलाई छिटोछरितो गराउन सहयोग पुऱ्याउँछ। सरकार तथा सार्वजनिक सेवाप्रति सेवाग्राहीको विश्वास अभिवृद्धि गर्छ। महत्वपूर्ण सरकारी अभिलेखको गोपनीयता कायम तथा संरक्षण गराउँछ। सुशासन कायम गर्न पारदर्शिताले सहयोग पुऱ्याउँछ। राष्ट्रसेवक कर्मचारी सक्षम, योग्य, सदाचारी, पारदर्शी भएनन् भने जनताले सुलभ सेवा पाउँदैनन् । गोरखापत्र अनलाइनबाट साभार

“ सार्वजनिक प्रशासनमा पारदर्शिता र जवाफदेहिता, सदाचार अपरिहार्य रहन्छ। यसले व्यक्तिमा आत्मनियन्त्रण र स्वउत्प्रेरणा वृद्धि गर्छ। सार्वजनिक प्रशासनमा हुने ढिलासुस्ती, लापरबाही र अधिकारको दुरुपयोगलाई निरुत्साहित गर्छ। सरकारी कामकारबाहीलाई छिटोछरितो गराउन सहयोग पुऱ्याउँछ। सरकार तथा सार्वजनिक सेवाप्रति सेवाग्राहीको विश्वास अभिवृद्धि गर्छ।

“किसानको उन्नती देशको प्रगती”
रंजितकार ईन्टरप्राईजेज
९८४१५६०६६५
क.न.पा.-६, १ नं. बजार, सिन्धुली, सर्म्पक नं. ०४७-५२११५८
मो. ९८४४०७५४७२, ९८६४१४१७८८, ९८४४०४२९९१



यहाँ सबै किसिमका मिल मेशिनरी, ट्र्याक्टर तथा पानी तान्ने पम्पको पार्टपुर्जाहरु सुपथ मूल्यमा पाईन्छ।

प्रभात समाचार राष्ट्रिय दैनिक
जिल्ला प्रशासन कार्यालय सिन्धुली दं.नं. १०/२०५६/०५७


# रेबिजबारे १० भ्रम र तथ्य



डा. प्रकाश अधिकारी



विश्व स्वास्थ्य संगठनको विश्वव्यापी रणनीतिक योजनाले सन् २०३० सम्ममा कुकुरको टोकाइले सर्ने रेबिजबाट हुने मानवब मृत्युलाई शून्यमा पुऱ्याउने लक्ष्य राखेको छ। यसै सन्दर्भमा आउनुहोस् हाम्रो समाजमा रेबिज रोगका विषयमा भएका भ्रम र वैज्ञानिक तथ्यको विश्लेषण गरौं।

भ्रम-१ः आक्रामक र मुखमा फिंज भएको कुकुर वा अन्य जनावरले टोकेमा रेबिज हुन्छ।

तथ्यः कुकुरले जब आफूलाई असुरक्षित र त्रसित महसुस गर्छ त्यतिबेला टोक्ने कुरा सामान्य हो। यो कुकुरहरूको प्राकृतिक बानी नै हो। तर रेबिज लागेको कुकुरहरूले कुनै पनि व्यक्तिलाई विना कारण पनि टोक्छन्। आक्रामक र मुखमा फिंज हुँदैमा रेबिज नै हो भन्ने कुरा पनि सत्य होइन। धेरैजसो रेबिज संक्रमित जनावरहरू आक्रामक हुने भए तापनि यसको विपरित केही जनावरहरू सुरुमा धेरै निष्क्रिय देखिन सक्छन्। ज्वरो र थकान जस्ता लक्षणहरू जनावर वा मानिसमा रेबिज भएको प्रारम्भिक संकेत हो। एक संक्रमित जनावरलाई उभिरहन गाह्रो हुन सक्छ साथै छारेरोग र पक्षघातबाट ग्रस्त हुन सक्छ।

भ्रम-२ः टोकाइबाट मात्र रेबिज लाग्छ।

तथ्यः रेबिज लागेको कुकुर वा अन्य जनावरको टोकाइबाट मात्र नभई शंकास्पद जनावरको ऱ्याल शरीरको विभिन्न झिल्ली वा घाउको सम्पर्कमा आएमा समेत रेबिज रोग सर्ने संभावना हुन्छ।

भ्रम-३ ः घरमा मुसा वा खरायोले टोकेमा रेबिज हुन्छ।

तथ्यः मुसा र खरायोबाट मानिसमा रेबिज रोग विरलै हुन्छ। तसर्थ घरायसी खरायो र मुसाले टोकेमा टोकाइपश्चात् दिइने रेबिज विरुद्धको खोप आवश्यक पर्दैन। तर जंगली खरायो, मुसा वा मुसा प्रजातिका जनावरले टोकेमा सरुवा रोग विशेषज्ञको सल्लाहमा खोप लगाउन उपयुक्त हुन्छ।

भ्रम-४ः रेबिज रोगको उपचार हुँदैन।

तथ्यः रेबिजको रोकथाम सम्भव छ। रेबिज रोग फैलन नदिन मानिस र जनावर दुवैका लागि खोपहरू उपलब्ध छन्। यदि तपाईंलाई रेबिज भएको शंका लागेको जनावरले टोकेको छ भने घाउलाई तुरुन्तै १०-१५ मिनेटसम्म साबुनपानीले राम्ररी सफा गरी टोकेको २४ घण्टाभित्र खोप लगाउनुपर्छ। तर रोगको लक्षण देखिसकेपछि भने रेबिज रोगको उपचार सम्भव छैन।

भ्रम-५ः यदि मलाई खोप लगाएको कुकुरले टोकेको हो भने मलाई पोस्ट-एक्सपोजर मानव रेबिज खोप आवश्यक पर्दैन।

तथ्यः सैद्धान्तिक रूपमा यो कुरामा सत्यता रहेतापनि खोपको गुणस्तर, लगाएको समय, तरिका र कुकुरको शारीरिक अवस्था उपयुक्त नभएमा खोप लगाए पनि कुकुरमा रेबिज रोग देखिन सक्छ। त्यसैले कुकुरलाई रेबिज विरुद्धको खोप लगाइए पनि परामर्शको लागि चिकित्सककोमा जानुपर्छ। चिकित्सकले टोकेको घाउको मूल्याङ्कन गरेर पोस्ट-एक्सपोजर भ्याक्सिन आवश्यक छ कि छैन भनेर निर्क्योल गर्दछन्।

भ्रम-६ः कतिपयले अझै पनि रेबिजको उपचारका लागि पेटमा २० वा सोभन्दा बढी खोप लगाउनुपर्दछ भन्ने सोच्दछन्।

तथ्यः आजको उपचार पद्धतिमा सामान्यतया अवस्था हेरी पाखुरमा टोकेको दिन, तेस्रो दिन र सातौं दिन गरी तीन पटक खोप लगाए पुग्दछ।

भ्रम-७ : मानिसमा रेबिज विरुद्धको खोप लगाउँदा मानिसहरू बिरामी हुने खतरा हुन्छ र स्मरण शक्तिमा समेत असर गर्छ।

तथ्यः पुरानो मानव खोपबाट केही साइड इफेक्टहरू थिए तर नयाँ मानव खोप जुन हाल उपलब्ध छ त्यसले साइड इफेक्ट गर्दैन।

भ्रम-८ः घरपालुवा र बाहिर सम्पर्कमा नआउने कुकुर र बिरालाहरूलाई रेबिज विरुद्धको खोप लगाउन पर्दैन।

तथ्यः घरपालुवा कुकुरले पनि घरबाट लुकेर बाहिर निस्कने र छिमेकको जंगली जनावरबाट रेबिजको जोखिममा पर्न सक्छ। रेबिजबाट संक्रमित चमेरा वा अन्य सानो प्रकारका जंगली जनावर जुनसुकै बेला तपाईंको घरभित्र पसी तपाईंको कुकुरको सम्पर्कमा आएको हुनसक्छ। रेबिज एक प्राणघातक रोग भएकोले घरपालुवा र बाहिर सम्पर्कमा नआउने कुकुर र बिरालाहरूलाई रेबिज विरुद्धको खोप लगाउन उपयुक्त हुन्छ।

भ्रम-९ः गर्भवती र स्तनपान महिलालाई रेबिज विरुद्धको खोप दिंदा बच्चाहरूमा नकारात्मक असर पर्दछ त्यसैले खोप लगाउन हुँदैन।

तथ्यः सबै आधुनिक खोपहरू निष्क्रिय, सुरक्षित र प्रभावकारी हुने भएकाले गर्भवती र स्तनपान माहिलाले रेबिज विरुद्धको खोप लिन मिल्छ र बच्चालाई कुनै असर गर्दैन।

भ्रम-१०ः कम उमेरको कुकुरको बच्चाले टोक्दा खोप लगाउन पर्दैन।

तथ्यः रेबिज विरुद्धको खोप लगाइएको र रेबिज विरुद्ध लड्ने क्षमता पूर्ण रूपमा विकास भएको कुकुरबाट जन्मेको बच्चाहरूसँग कम्तीमा तीन महिनासम्मको उमेरको लागि रोगसँग लड्ने क्षमता माउबाट आएको हुन्छ। त्यसैले सामान्यतया तीन महिना भन्दा कम उमेरको कुकुरले टोक्दा खोप लिनुपर्दैन तर हामीले पालेको कुकुरको आमाबारे हामीलाई धेरै जानकारी नहुने हुँदा कम उमेरको बच्चा कुकुरले टोके पनि रेबिज विरुद्धको खोप लिनु बुद्धिमानी हुन्छ। ( लेखक पशु सेवा विभागमा कार्यरत पशु चिकित्सक हुन्।)

## ट्रकमा . . .

दरका थान १७ हजार एक सय ७७ जसको नेपाली रुपियाँ २५ करोड १९ लाख २४ हजार ९५० रुपियाँ हुने प्रहरीले जनाएको छ।

पक्राउ परेका लामा स्थायी घर सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका वडा नं. १ भइ हाल काठमाडौँ गोकर्णेश्वर नगरपालिका वडा नं. २ मा बस्दै आएको खुलेको छ।


लामालाई विदेशी विनियम (नियमित गर्ने) ऐन, २०१९ बमोजिमको कसुरमा थप अनुसन्धान तथा कारवाहीका लागि राजस्व अनुसन्धान विभाग, हरिहरभवन पठाइएको प्रहरीले जनाएको छ।

**समयमा नै व्यक्तिगत घटना दर्ता गरौं**

जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद र बसाइसराई जस्ता व्यक्तिगत घटना, घटना घटेको ३५ दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रूपमा दर्ता गरौं र गराऔं। विद्यालय भर्ना गर्न, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न, राहदानी बनाउन, नावालक परियपत्र बनाउन, बैंकमा खाता खोल्न तथा सरकारले दिने अन्य सेवा लिन व्यक्तिगत घटना दर्ता आवश्यक हुने भएकाले नर्बिस आजै वडा कार्यालय जाऔं। व्यक्तिगत घटना दर्ता गराउनु सबै नागरिकको कर्तव्य हो। व्यक्तिगत घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं। जिम्मेबार नागरिकको परिचय दिऔं।

घ्याङलेख गाउँपालिका, सिन्धुली

# चीनमा सुँगुरको मिर्गौला मान्छेमा सफलतापूर्वक प्रत्यारोपण



अमेरिकापछि चीनमा पनि मान्छेमा सुँगरको मिर्गौला प्रत्यारोपण गरिएको छ। चिनियाँ समाचार संस्था सिन्हवामा प्रकाशित खबरअनुसार चीनको शान्सी प्रान्तमा रहेको एयर फोर्स मेडिकल युनिभर्सिटीस्थित सिजिङ अस्पतालमा सुँगुरको मिर्गौला मान्छेमा प्रत्यारोपण गरिएको छ।

त्यहाँको मेडिकल टिममले यसी मार्च ६ मा ६९ वर्षीय एक महिलामा अणुवांशिक रुपमा तयार पारिएको सुँगुरको मिर्गौला प्रत्यारोपण गरेको हो। मिर्गौला प्रत्यारोपण भई यसमा रक्तप्रवाह हुनेबित्तिकै यसले पिसाब उत्पादन गरी काम गर्ने सुरु गरेको भनिएको छ।

प्रत्यारोपण भएको तेस्रो दिनदेखि नै मिर्गौलाले सामान्य अवस्थामा जस्तै काम गर्न थालिसकेको थियो। छैटौँ दिनसम्म पनि मिर्गौलाको कार्य स्थिर र राम्रो रहेको बताइएको छ। छैटौँ दिनमा मिर्गौलाले २४ घण्टामा ५ हजार ४६८ मिलिलिटर पिसाब उत्पादन गरेको थियो।

सिरम क्रिएटिनिन लेभल र मिर्गौलाले गर्ने जैविक कार्यका सूचकहरु राम्रो रहेको छ।

सिन्हवाले उल्लेख गरेअनुसार ती महिलाको मिर्गौला फेल भएको कुरा ८ वर्षअघि पत्ता लागेको थियो। उपयुक्त दाता फेला नपार्दा प्रत्यारोपण हुन सकेको थिएन। हप्तामा ३ पटक डायलासिस गर्दै आएकी थिइन्। पछिल्लो समय डायलासिसका कारण हुने जटिलताहरूले गर्दा उनको स्वास्थ्य बिग्रँदै गएको थियो।

यो सफलता यो सफलता चिकित्सा क्षेत्रमा एक कोसेढुंगा सावित हुने चिकित्सकहरूको भनाइ छ। अंगदाताको अभावमा प्रत्यारोपण गर्न नपाएका कयौँ बिरामीका लागि यो नयाँ आशा भएको प्रत्यारोपणको नेतृत्व गर्ने सिजिङ अस्पताल डाक्टर डु केफेङले बताएका छन्।

चीनमा अहिले करिब १३ करोड मिर्गौला फेल भएको व्यक्ति रहेको सिन्हवाले जनाएको छ। हरेक वर्ष लाखौँको संख्यामा मिर्गौला बिरामीहरु बढिरहेका छन्।

गत वर्ष पहिलो पटक अमेरिकामा सुँगुरको मिर्गौला मान्छेमा सफलतापूर्वक प्रत्यारोपण गरिएको थियो।

म्यासाचुसेट्स राज्यस्थित म्यासाचुसेट्स जनरल अस्पतालका चिकित्सकले उक्त सफलता हात पारेका थिए। मिर्गौला प्रत्यारोपण गरिएका ६२ वर्षीय ती पुरुषको करिब २ महिनापछि मृत्यु भयो।

यसै वर्षको जनवरीमा पनि म्यासाचुसेट्स अस्तपालमै सुँगुरको मिर्गौला लिएर अर्को प्रत्यारोपण भएको थियो।

गतवर्ष चिनियाँ वैज्ञानिकहरूले जेनेटिक रुपमा परिमार्जित सुँगरको मिर्गौला बाँदरमा प्रत्यारोपण गरी परीक्षण गरेका थिए। त्यसले ६ महिनासम्म राम्रो काम गरेको रिपोर्टले देखाएको थियो। यसपछि मान्छेमा पनि लामो समय काम गर्छ भन्ने निष्कर्ष निकालिएको थियो।




श्रेष्ठ ट्रेडर्स
क.न.पा. ६, १ नं. बजार, सिन्धुली
०४७-५२११४१ / ९८५४०४५९९९

# नेपालबाट निर्यात हुने प्लाइउड भारतले रोक्यो



काठमाडौँ ५ चैत / नेपालबाट निर्यात हुने प्लाइउड भारतले रोकेको छ। ब्युरो अफ इन्डियन सर्टिफिकेट्स (बिआइएस) को कारण देखाउँदै भारतले नेपालबाट प्लाइउड लिएर भारततर्फ लागेका मालवाहक सवारीलाई भन्सार पास दिन नै रोकेको हो। भारतले केही दिनयता प्लाइउड निर्यातका लागि भन्सार पास नदिएको नेपाल प्लाइउड उत्पादक सङ्घका अध्यक्ष होमप्रसाद घिमिरेले जानकारी दिनुभयो। 'बिआइएसको कारण देखाउँदै भारतले भन्सार पास नै गरेको छैन' उनले भन्नभयो, "यसले निर्यातकर्तालाई अन्योल बनाएको छ।"

भारत सरकारले एक वर्षअघि राजपत्रमा सूचना प्रकाशन गर्दै बिआइएस प्रमाणपत्र नलिएका कुनै पनि वस्तु आयात नगर्ने उल्लेख गरेको थियो। जस अनुसार नेपालबाट निर्यात हुने वस्तु पनि बिआइएस लिनुपर्ने अवस्थामा पुगेका थिए। यद्यपि प्लाइउड र प्लाइ ढोकाको हकमा भने बिआइएस नलिई एक वर्ष थप निर्यात गर्न सक्ने सुविधा भारतले दिएको थियो। राजपत्रमा ठुला उद्योगले सन् २०२५ फेब्रुअरी २८, मझौला उद्योगले मार्च २८ र साना उद्योगले अगस्ट २८ सम्म बिआइएस लिनुपर्ने उल्लेख थियो।

गुणस्तर प्रमाणका लागि प्रयोग हुने बिआइएस प्लाइउड उद्योगको हकमा भने अगस्ट २८ सम्म लागु नहुने बुझाइमा नेपालका प्लाइउड उत्पादक थिए। उक्त समय नपुग्दै भारतले अचानक आयात रोकको अध्यक्ष घिमिरेले जानकारी दिए। "अगस्टपछि बिआइएस अनिवार्य हुने कुरा राजपत्रमा उल्लेख भए पनि यसरी बिचमै आयात रोकिदिँदा हामी नै अचम्मित भएका छौँ," उनले भने।

भारतले सीमानाकामा रहेका मालवाहक सवारीलाई भन्सार पास दिन नेपालको परराष्ट्र मन्त्रालयलाई पत्र लेखेको जानकारीमा आएकाले तत्कालका लागि ती सवारी छुट्नेमा उनले विश्वास व्यक्त गर्नुभयो। यद्यपि तत्कालका लागि मात्र यस्तो व्यस्वथा भएकाले भविष्यमा आयात खुला हुने अथवा नहुने विषयमा व्यवसायी अन्योलमै रहेको उनले बताए। चालु आवको सात महिनासम्म नेपालले करिब ७२ करोड रुपियाँको प्लाइउड निर्यात गरेको छ। नेपालका लागि प्लाइउडको एक मात्र बजार भारत हो। गोरखापत्र अनलाईनबाट साभार

# उत्पादनशील क्षेत्रमा लगानी गर्न सुझाव

● प्रभात समाचार

काठमाडौँ ५ चैत / अवकाश तथा सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्न र पुँजी बजारमा गतिशीलता ल्याउने उद्देश्यले स्थापित नागरिक लगानी कोष स्थापनाको ३५ औँ वर्षमा प्रवेश गरेको छ।

त्यस अवसरमा आयोजित अर्थ सचिव घनश्याम उपाध्यायले कोषको रकम नागरिकको हितका लागि उपयोग गर्न सुझाव दिए।

कोषको लगानीलाई उत्पादनशील क्षेत्रमा लगाउनुपर्नेमा जोड दिँदै उनले नेपाल सरकारका प्राथमिकताका क्षेत्रमा अघि बढाउनेतर्फ पनि ध्यान दिन आग्रह गरे।

सञ्चयकर्ताको हितसँगै नाम अनुसार नागरिकको बचत परिचालन, सामाजिक सुरक्षाका कार्यक्रम अघि बढाउन कोषको प्राथमिकता र लगानीलाई उत्पादनशील क्षेत्रमा प्रयोग गरेर मुलुकको समग्र अर्थतन्त्रलाई योगदान दिन जरुरी रहेको उनको भनाइ थियो। नागरिक लगानी कोष सञ्चालक समितिका अध्यक्ष डा. सूर्यबहादुर थापाले देशमा दिगो, सन्तुलित, फराकिलो र समावेशी आर्थिक वृद्धि तथा विकास हासिल गर्न कोषले राष्ट्रिय पुँजी निर्माणमा टेवा पु-याउनेतर्फ पनि काम गरिरहेको बताए।

मुलुकको समृद्धि र अर्थतन्त्रको विकासका लागि सरकारले आत्मसात् गरेको प्रतिबद्धतामा कोषले पनि आफ्नोतर्फबाट सहयोग गर्दै आइरहेको भन्दै उनले लगानीका लागि नवीन वित्त मोडेलको सिर्जना गरी कोषले जोखिम कम भएको क्षेत्रमा लगानी विविधीकरण गर्दै आइरहेको बताए।

चालु आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्म कोषले सञ्चालनमा रहेका आयोजनाको दुई खर्ब ७३ अर्ब ७२ करोड खुद कोष मौज्दात रहेको उनले जानकारी गराउनुभयो। यस अवधिमा दुई खर्ब ६४ करोड ७८ लाख लगानी गरेको अवस्था रहेको उनको भनाइ थियो।

कोषका कार्यकारी निर्देशक पर्वतकमार कार्कीले चालु आवको पुस मसान्तसम्म कोषले दुई खर्ब ६४ अर्ब ७७ करोड रुपियाँ लगानी गरेको र कुल लगानीमध्ये मुद्दती निक्षेपमा करिब ५२ प्रतिशत तथा नेपाल सरकारको ऋणपत्रमा ०.१९ प्रतिशत, समयकालीन कर्जामा ९.७४, सहायक कम्पनीमा १.०३, सहभागी सापटी तथा आवास कर्जामा २०.७५, ट्रेजरी बिलमा ४.४४, सङ्गठित संस्थाको सेयर/धितोपत्रमा ११.६७ प्रतिशत लगानी रहेको जानकारी दिए।

आगामी दिनमा सरकारी प्राथमिकताका भौतिक पूर्वाधारका परियोजना, कृषि, पर्यटनलगायतका उत्पादनशील क्षेत्रमा तथा पुँजी बजारका क्षेत्रमा लगानी बढाउँदै लैजाने योजना रहेको उनले बताए।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नागरिक लगानी कोष, सञ्चय कोष, सामाजिक सुरक्षा कोषलगायतका कोषको लगानी पूर्वाधार निर्माण, रोजगारी सिर्जना, पर्यटन प्रवर्धन, हाइड्रो पावरलगायतका क्षेत्रमा उपयोग गर्नुपर्नेमा जोड दिए। कोषहरूको करिब ५२ प्रतिशतभन्दा बढी रकम बैङ्क तथा वित्तीय संस्थामा फिक्स डिपोजिटका रूपमा उनले जानकारी दिए।

कार्यक्रममा कोषमा लामो समय योगदान गर्ने कर्मचारीलाई दीर्घ सेवा पदक वितरण गरिएको थियो भने उत्कृष्ट कर्मचारीलाई पनि सम्मान गरिएको थियो।

## गहुँ . . .

लाखमध्ये दुई लाख टन अनुमति दिएको हो। दुई लाख टनमध्ये वाणिज्यले ९० हजार टन आयात गर्ने छ भने एक लाख टन उद्योग विभाग र १० हजार टन साल्ट ट्रेडिङले आयात गर्ने जनाइएको छ। उद्योग विभागले औद्योगिक प्रयोजन र साल्टले व्यापारिक प्रयोजनका लागि आयात गर्ने छन्।

भारतले २०७९ वैशाखमा गहुँ निर्यातमा रोक लगाएको थियो। रुस र युक्रेन द्वन्द्वका कारण 'ब्ल्याक सी' क्षेत्रबाट हुने ढुवानी घटेपछि विश्वभरका खरिदकर्ताले भारतबाट गहुँ किन्न खोजिरहेको भारतीय सञ्चार माध्यमले जनाएका थिएरु। भारतले पनि खाद्य सुरक्षालाई ध्यानमा राखेर निर्यात बन्देज गरेको हो।

भारतले बन्देज गरेपछि त्यसको असर बजार मूल्यमा परेको छरु। खुद्रा व्यापार सङ्घका अनुसार २०७८ फागुनमा गहुँको मूल्य ५० र मैदा ५५ रुपियाँ थियोरु। २०७८ चैतमा मूल्य बढेर गहुँ प्रतिकेजी ५५ र मैदा ६० रुपियाँ पुग्यो। २०८१ माघमा आइपुग्दा गहुँको मूल्य बढेर ७५ रुपियाँ र ९० रुपियाँसम्म पुगेको छ।

# आजको राशीफल

मेष - समय लागे पनि काम बन्नेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। प्रियजनसँगको सान्निध्यले दिन रमाइलो रहनेछ। अध्ययन, लेखन तथा मनोरञ्जनमा समय बित्नेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ भने शुभचिन्तकहरूको सहयोग प्राप्त हुनेछ। भौतिक साधन जुट्नेछन्। व्यापारमा आम्दानी बढाउन सकिनेछ।

वृष - स्रोतसाधन जुट्नाले मेहनतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। प्रतिस्पर्धामा विजयी भइनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। व्यापारलगायत आर्थिक लाभ हुने नयाँ काम प्रारम्भ हुनेछ। रोकिएका काम बन्नाले नयाँ काम गर्न सकिनेछ। मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ।

मिथुन - नयाँ अवसरका साथै भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। अध्ययनमा प्रगति हुनेछ। मिहिनेतले सजिलै लक्ष्यमा पुग्न सकिनेछ। शैक्षिक प्रतिस्पर्धामा अग्रस्थान हासिल हुनेछ। बल तथा बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ। नयाँ योजना शुभारम्भ हुनेछ। गुरुजनको साथ-सहयोग जुट्नेछ।

कर्कट - अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ। बेसुरमा बोल्ने बानीले गोपनीयता भंग हुन सक्छ। विशेष योजना सार्वजनिक नगर्नुहोला। काम बिग्रने डरले सताउनेछ। साझेदारीमा समस्या आउनाले पहिलेको सम्झौता भंग हुन सक्छ। प्रगतिमा ईर्ष्या गर्नेहरूले पनि अवरोध पुर्याउन सक्छन्। नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुहोला।

सिंह - हिम्मत गर्दा काम बन्नेछ। लगनशीलताले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। छोटो समयमा उपलब्धि हातलागी हुनेछ। स्रोत-साधन जुट्नाले कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। मिहिनेतले दैनिकीमा परिवर्तन आउनेछ। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ। उद्योग र व्यापारमा फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ।

कन्या - बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ। आत्तिने बानीले काम बिग्रनुका साथै हातमा आएको मौका गुमाउनुपर्ला। अध्ययनमा त्यति समय दिन नसकिएला। स्थायी सम्पत्तिमा पनि विवाद आउन सक्छ। अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ। विचार सम्प्रेषण गर्न केही समय पर्खनु बुद्धिमानी हुनेछ।

तुला - चुनौतीपूर्ण कामको दायित्व लिनाले अलि दुःख पाइनेछ। सम्भावना देखिए पनि न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ला। अरूको फाइदाका लागि उपयोग भइएला। साथीभाइ टाढिनेछन् र काम बिग्रने डरले सताइरहनेछ। अरूलाई प्रभावित पारेर काम बनाउने समय छ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। महत्त्वपूर्ण योजना तत्काल सार्वजनिक नगर्नुहोला।

वृश्चिक - समयमा होसियार बन्न नसक्दा खर्च बढ्नेछ। मुस्किलले काम बने पनि उठ्नुपर्ने रकम अड्किन सक्छ। नियमित काम तथा व्यवसायमा सामान्य फाइदा भइरहनेछ। सजग नहुँदा आफ्नो श्रमबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। आवश्यकता पूरा गर्न सरसापट लिनुपर्ने हुन सक्छ। पछिका लागि लगानी गर्न सकिनेछ। भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ।

धनु - आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ। व्यापारमा राम्रै फड्को मार्ने समय छ। रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्नेछ। दिगो फाइदा हुने काम गर्न सकिनेछ। खोजी गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। मिहिनेत गर्दा लक्ष्यअनुसार काम सम्पादन हुनेछ।

मकर - तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ। कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। व्यापार बढ्नेछ। कृषि, पशुपालन तथा पेसा-व्यवसायमा लाभ हुनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने मौका छ। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ हुनेछ।

कुम्भ - व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ। तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। उपलब्धिको स्रोत प्राप्त हुनेछ भने प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ र मिहिनेतले सफलताको उचाइमा पुर्याउनेछ। सानो प्रयत्नले सजिलै लक्ष्यमा पुग्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ।

मीन - अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ। व्यापारिक लगानीमा जोखिम बढ्न सक्छ। गोपनीयता भंग हुनुका साथै धन बाहिरिन सक्छ। बाध्यात्मक परिस्थितिले इच्छाशक्ति कुण्ठित हुनेछ। आफ्ना कमजोरीको फाइदा उठाउनेहरू सक्रिय हुनेछन्। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला। नतिजा सच्याउन काम दोहोर्याउनुपर्ला।

## गोलञ्जोर गाउँपालिका

गाँउकार्यपालिकाको कार्यलय

ग्वालटार, सिन्धुली

**शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आसयको सूचना**

(सूचना प्रकाशित मिति २०८१।१२।०६)

मिति २०८१।११।०१गते दास्रो पटक प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सुचना अनुसार पर्न आएका शिलबन्दी दरभाउपत्रहरु मध्ये "Supply and Delivery of Sanitary Pad (GRM/SIN/GOODS/SQ/20/081/082) कार्यको लागि Bhusal Trade And Suppliers, Tilottama-05, Rupandehiसकार अंक रु. ४,३७,३१०।००(मु.अ.कर समेत) को शिलबन्दी दरभाउपत्र न्युनतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही देखिएको हुदा सार्वजानिक खरिद ऐन ,२०६३ को दफा ४०(५) बमोजिम स्वीकृतीको लागि छनौट गरिएकोले सार्वजानिक खरिदनियमावली, २०६४ को दफा ८४(१०) को प्रयोजनको लागि सम्बन्धित सबै शिलबन्दी दरभाउपत्रदाताहरुलाई जानकारी गराईन्छ।


## आशिका स्कार्पियो सेवा

**मनकामना, मुक्तिनाथ, कालिञ्चोक, पाथिभारा, दर्शन गर्न तथा विवाह लगाएत नेपाल भरि जुनसुकै ठाउमा जानको लागि स्कार्पियो चाहिएमा हामीलाई सम्झनुहोस्।**



**इन्द्र तामाङ**
**चालक : ९८६०३५७२६०**
**हरि बहादुर माझी**
**प्रो . ९८४४४२५२१०**
**९८१३९९९११७**


प्रभात समाचार राष्ट्रिय दैनिकका लागि प्रकाशक / प्रधान सम्पादक द्वारिका काफ्ले, प्रवन्ध निर्देशक विमला पाण्डे, कार्यकारी सम्पादक विदुर पौडेल, कार्यालय कमलामाई न.पा.-५, मधुटार सिन्धुली
मुद्रण : लालिगुराँस अफसेट प्रेस सिन्धुली, सम्पादक सञ्जयकुमार दाहाल, फोन : ०४७-५२०३९० Email : pravatsamachar2068@gmil.com, website : www.pravatsamachar.com, www.esajhanepal.com